# स्थानीय तहको साझेदारीमा सार्वजनिक जग्गामा फलफुल तथा पुष्पबाटिका निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** प्रदेश नं. ५ भित्र रहेको खाली सार्वजनिक जग्गाको सदुपयोग गरी स्थानीय तहमा फलफूल तथा पुष्पबाटिका निर्माण गरी हरियाली बढाउने र आन्तरिक पर्यटन बढाई आय आर्जनमा बढवा दिने एवं स्थानीय तहका जनताहरुलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यले, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रमलाई सरल, सहज, पारदर्शी तथा व्यवस्थित रुपले सञ्चालन गर्न प्रदेश नं. ५, को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (३) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "स्थानीय तहको साझेदारीमा सार्वजनिक जग्गामा फलफुल तथा पुष्पबाटिका निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्थानीय तहको साझेदारीमा सार्वजनिक जग्गामा फलफुल तथा पुष्पबाटिका निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यक्रम" भन्नाले स्थानीय तहको साझेदारीमा सार्वजनिक जग्गामा फलफुल तथा पुष्पबाटिका निर्माण कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतका निकाय सम्झनु पर्छ।

(ग) "सरोकारवाला निकाय" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायमा कानून बमोजिम दर्ता भएको कृषक समूह, टोल विकास समिति, सहकारी संस्था, सामुदायिक संस्था, व्यावसायिक संगठन, फार्म, कम्पनी एवम् निजी उद्यमी समेतलाई सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ लाई सम्झनु पर्छ।

(ङ) "सचिव" भन्नाले प्रदेश सरकार अन्तरगतका मन्त्रालयहरुको कार्य जिम्मेवारी प्राप्त प्रदेश सचिव सम्झनु पर्छ।

(च) “समिति” भन्नाले यस कार्यविधिको दफा ७ को उपदफा (४) बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(छ) “सम्झौता” भन्नाले सम्बन्धित कार्यालय र साझेदारहरुका बीच कार्यक्रम सम्पन्न गर्नका लागि गरिएको द्विपक्षीय सम्झौता सम्झनु पर्छ।

(ज) “सार्वजनिक जग्गा” भन्नाले व्यक्तिगत स्वामित्वमा नरहेको सरकारी, ऐलानी र अन्य जग्गा सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकालाई सम्झनु पर्छ।

३. <u>उद्देश्यहरु:</u> यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:-

(क) स्थानीय तहको सहकार्य तथा लागत साझेदारीमा फलफुल तथा पुष्पबाटिका निर्माण गरी सञ्चालन गर्ने,

(ख) खाली रहेको सार्वजनिक जग्गाको समुचित प्रयोग गरी सौन्दर्य कायम गर्ने, र

(ग) सार्वजनिक जग्गा अन्तर्गत पार्क, सडक, विमान स्थल र पर्यटक आवत जावत गर्ने सार्वजनिक स्थल आदि क्षेत्रमा फलफुल तथा पुष्पबाटिका स्थापना गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्ने।

## परिच्छेद-२

## <u>कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था</u>

४. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) कार्यालयले स्थानीय तह/सरोकारवाला निकायको सहकार्य तथा लागत साझेदारीमा सार्वजनिक जग्गा अन्तर्गत पार्क, सडक, विमान स्थल र पर्यटक आवत जावत गर्ने लगायतका क्षेत्रमा फलफुल तथा पुष्पबाटिका स्थापना गर्न अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) स्थानीय तहले कार्यक्रम सञ्चालन गर्न अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी अनुसूची-५ बमोजिमको ढाँचाको प्रतिवद्धता पत्र सहित अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ।

(३) आयोजना सञ्चालन गर्न चाहने स्थानीय तहले लागत साझेदारीमा प्रस्ताव तयार गरी कार्यपालिकाको निर्णय सहित कार्यालयमा पेश गर्नु पर्नेछ।

(४) सरोकारवाला निकायले प्रस्ताव पेश गर्न चाहेमा स्थानीय तहको सिफारिस र लागत साझेदारीको सुनिश्चितता सहित प्रस्ताव पेश गर्नु पर्नेछ।

(५) स्थानीय तहले प्रस्ताव पेश गर्दा सरोकारवाला निकाय मध्ये परामर्श दाता, फर्म, कृषक समूह, कृषि कार्यक्षेत्र भएका सहकारी र उपभोक्ता संस्था वा समिति आदिको साझेदारीमा सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्न सक्नेछ।

(६) स्थानीय तहको संलग्नतामा कार्यक्रम सञ्चालन गर्न छनौट भएका सरोकारवाला निकाय र स्थानीय तहले साझेदारी गर्ने लागत रकम कूल आयोजनाको कम्तिमा विस प्रतिशत हुनु पर्नेछ।

(७) स्थानीय तहले बढीमा पाँच स्थानमा र आयोजनाको प्रकृति अनुसार प्रति आयोजना कम्तिमा एक लाख देखि बढीमा दश लाखसम्मको प्रस्ताव पेश गर्न सक्नेछ।

(८) प्रस्ताव पेश गर्दा कार्यक्रम सञ्चालन गर्ने स्थान, जग्गाको क्षेत्रफल, स्थानीय तहको लागत सहभागिता, बगैंचा रेखाङ्कन (Layout Plan) र बगैंचाको सम्पूर्ण लागत खर्च (Detail Cost Estimate) तथा कार्य योजना सहितको प्रस्ताव पेश गर्नु पर्नेछ।

(९) स्थानीय तहले पेश गरेका प्रस्ताव लगायतका कागजातको अध्ययन गरी समितिले आयोजना छनौट गर्ने/गराउनेछ।

(१०) समितिले न्यूनतम योग्यता पूरा गरी कार्यक्रम सञ्चालनका लागि प्रारम्भिक छनौटमा परेका सम्भावित स्थानीय तहहरुले प्रस्ताव/सिफारिस गरेका स्थलहरुको अनुसूची-४ बमोजिम स्थलगत अनुगमन गर्ने, गराउनेछ।

(११) समितिले स्थलगत अनुगमन प्रतिवेदनको आधारमा आयोजना स्थलको अनुसूची-६ का आधारमा मूल्याङ्कन गरी छनौटको लागि कार्यालयलाई सिफारिस गर्नेछ।

(१२) छनौट भएका सरोकारवाला पक्षसँग कार्यालयले अनुसूची-७ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गरी कार्यक्रम अगाडि बढाउनु पर्नेछ।

(१३) छनौट भएका स्थानमा पुष्प बाटिका निर्माणका लागि सम्बन्धित स्थानीय तह/सरोकारवाला निकायले लागत साझेदारीमा निर्माण प्रक्रिया अगाडि बढाउनेछ।

६. <u>भुक्तानी प्रक्रिया</u> : (१) आयोजनाको प्रकृति अनुसार प्रति आयोजना स्थल स्थानीय तह/सरोकारवाला निकायलाई कम्तिमा एक लाखदेखि बढीमा दश लाखसम्म अनुदान रकम उपलव्ध गराईनेछ।

(२) स्वीकृत कार्ययोजना बमोजिम सम्झौता अनुसार ५० प्रतिशत काम सम्पन्न भए पछि स्थलगत मूल्याङ्कन गरी ५० प्रतिशत पहिलो किस्ता र १०० प्रतिशत कार्यसम्पन्न भए पछि सम्झौता बमोजिमको सम्पूर्ण रकम कार्यालयले सरोकारवाला निकायलाई भुक्तानी गर्नेछ।

तर सम्पूर्ण काम सम्पन्न भएपछि एकमुष्ट भुक्तानी माग गर्न आउने सरोकारवाला निकायलाई यो उपदफाले वाधा पुऱ्याउने छैन।

(३) सरोकारवाला निकायले सम्झौतामा उल्लेख गरिएको अवधि भित्र कार्य सम्पन्न गरी सक्नुपर्नेछ।

तर कावु बाहिरको परिस्थितिको कारण सम्झौता अवधि भित्र कार्यसम्पन्न गर्न नसक्ने भएमा आधार र कारण उल्लेख गरी म्याद समाप्त हुनु भन्दा सात दिन अगाडि म्याद थपको निवेदन दिनु पर्नेछ। म्याद थप सम्बन्धी अन्तिम निर्णय कार्यालयको हुनेछ।

(४) उपदफा (३) बमोजिम म्याद थप गरिसके पछि पनि कार्यसम्पन्न गर्न नसकेमा कार्ययोजनामा समावेश भएका क्रियाकलापहरुको कार्य प्रगतिको आधारमा रकम भूक्तानी गरीनेछ।

(५) भुक्तानी माग गर्नको लागि देहाय बमोजिमका कागजातहरु संलग्न राखी मन्त्रालयमा निवेदन पेश गर्नु पर्नेछ :-

(क) सम्झौता-पत्र र कार्यदिशको प्रतिलिपि,
(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिएको क्रियाकलापमा गरिएको खर्चको विवरण,
(ग) निर्माण कार्यको हकमा प्राविधिकले तयार गरेको लागत अनुमान, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन र बिल,
(घ) बिल बिजकहरुको सक्कल प्रतिलिपि,
(ङ) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो,
(च) सरोकारवाला निकायले कार्य सम्पन्न गरेको प्रतिवेदन,
(छ) स्थानीय तहको स्वीकृत कार्य संपन्न प्रतिवेदन सहित सिफारिस,
(ज) सूचनापाटी/होडिङ्ग बोर्डको फोटो,
(झ) सार्वजनिक सुनुवाईको माईन्युटको प्रतिलिपी,
(ञ) सम्बन्धित स्थानीय तह/सरोकारवाला निर्माण भएको फलफुल तथा पुष्पबाटिकाको संरक्षणको प्रतिवद्धता।

(६) मन्त्रालयले कार्यक्रम सञ्चालन समितिले स्थलगत अनुगमन गरी/गराई अनुगमन प्रतिवेदनको आधारमा एसिपेयी चेक मार्फत रकम भुक्तानी गर्नु पर्नेछ।

## परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

७. **समितिहरुको गठन** : (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख | भूमि व्यवस्था महाशाखा | सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढिमा २ जना विषय विज्ञ पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनका क्रममा आईपरेको बाधा अड्चन फुकाउने,

(ख) कार्यक्रमलाई थप व्यवस्थित बनाउन आवश्यक निर्देशन दिने,

(ग) कार्यक्रम कार्यान्वयनमा कुनै द्विविधा भए सोको निराकरणको लागि सहजीकरण गर्ने।

(४) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्नको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समितिको गठन हुनेछ :-

| | |
|---|---|
| (क) सम्बन्धित कार्यालयको कार्यालय प्रमुख | अध्यक्ष |
| (ख) कार्यक्रम सञ्चालन गर्ने महाशाखा वा शाखा प्रमुख | सदस्य |
| (ग) प्रदेश लेखा नियन्त्रक/को.ले.नि.का.को प्रतिनिधि | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) कानून अधिकृत/प्रशासन शाखा प्रमुख | सदस्य |
| (च) सम्बन्धित कार्यक्रम हेर्ने शाखाको अधिकृत | सदस्य सचिव |

(५) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार बढिमा २ जना विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रस्ताव मूल्याङ्कनका आधारहरुको विस्तृतीकरण गर्ने,

(ख) प्रारम्भिक मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरण समेत गरी गराइ

प्रस्ताव छनौट गर्ने, गराउने,

(ग) स्वीकृत कार्यक्रम अनुसार कार्य भए नभएको अनुगमन गर्ने, गराउने,

(घ) कार्यक्रमलाई प्रभावकारी बनाउन मातहतका कार्यालय तथा सम्बन्धित स्थानीय तहसँग आवश्यक छलफल गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनमा गइसकेपछि त्यसको कार्यप्रगतिको अनुगमन तथा निरीक्षण गर्ने।

८. <u>फलफुल तथा पुष्पबाटिकाको संरक्षण</u> : स्थानीय तह/सरोकारवाला निकायले स्वयं वा सम्बन्धित निकायबाट निर्माण भएको फलफुल तथा पुष्पबाटिकाको दिगो संरक्षण तथा सम्बर्द्धन गर्नु पर्नेछ।

## परिच्छेद-४

## <u>अनुगमन र समन्वय</u>

९. <u>अनुगमन</u> (१) कार्यक्रमको अनुगमन मन्त्रालय, प्रदेश सरकारका सरोकारवाला निकायहरु तथा स्थानीय तहले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालय सुरक्षित राख्नु पर्नेछ।

१०. <u>समन्वयः</u> मन्त्रालयले फलफूल तथा पुष्पबाटिका व्यवस्थित रुपले सञ्चालन गर्न नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय, सम्बन्धित स्थानीय तह र अन्य सरोकारवाला निकायसँग समन्वय गर्नेछ।

## परिच्छेद-५

## <u>विविध</u>

११. <u>कारवाहीको व्यवस्थाः</u> सम्झौता अनुसारको कार्य नभएमा, प्राप्त रकम हिनामिना गरेमा वा नक्कली बिल भरपाई बनाई भुक्तानी लिएको प्रमाणित भएमा अनुदानग्राहीलाई प्रचलित कानून अनुसार कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरीनेछ।

१२. <u>बाधा अड्काउ फुकाउः</u> यस कार्यविधिको कार्यन्वयनमा केहि वाधा व्यवधान आइपरेमा वा द्विविधा उत्पन्न भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

१३. <u>संशोधन</u> : (१) आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले आवश्यकता अनुसार कार्यविधिमा संशोधन तथा हेरफेर गर्न सक्नेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार कार्यविधिको अनुसूचीहरुमा परिमार्जन तथा हेरफेर गर्न सक्नेछ।

## अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

<u>सूचनाको ढाँचा</u>

प्रथम पटक प्रकाशित मिति: ........................

यस मन्त्रालयको आ.व. ................ को वार्षिक कार्यक्रम अनुसार प्रदेश भित्र रहेका .............................. स्थानीय तहहरुमा स्थानीय तहको साझेदारीमा सार्वजनिक जग्गामा केही फलफूल तथा पुष्पबाटिका निर्माण गर्ने कार्यक्रम रहेकोले साझेदारीमा फलफूल तथा पुष्पबाटिका निर्माण/स्थापना/सुधार गर्न इच्छुक स्थानीय तह/समुदाय/अन्य सरोकारवाला निकायलाई प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको प्रारुप, संलग्न गर्नु पर्ने कागजात तथा मापदण्डको विवरण यस मन्त्रालयको Website: molmac.p5.gov.np बाट प्राप्त गर्न सकिनेछ।

## अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

<u>पुष्पबाटिका कार्यक्रम सञ्चालन सम्बन्धी निवेदन-पत्रको ढाँचा</u>

मितिः...................

श्रीमान् .........................ज्यू,

..........................,

..........................

विषयः फलफूल तथा पुष्पबाटिका निर्माण सम्बन्धमा।

महोदय,

हाम्रो......................जिल्ला,...........................म.न.प./उप.म.न.पा./न.पा./गा.पा.,..... ...वडा नं. अन्तर्गत ........................... स्थानमा फलफूल तथा पुष्पबाटिका निर्माण गर्ने लक्ष्य रहेकोले सोका लागि अनुमानित लागत रकम रु. ................ मध्ये रु ................. स्थानीय तहबाट, रु. ................ स्वलगानीबाट व्यहोरी बाँकी रकम रु. .................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेका छौं।

निवेदकको

नामः

पद:

दस्तखतः

स्थानीय तहको नामः

कार्यक्रम सञ्चालन गर्ने साझेदार संस्थाको नामः

स्थानीय तहको छापः

कार्यक्रम सञ्चालन गर्ने साझेदार संस्थाको छापः

## अनुसूची-३

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

<u>प्रस्तावको ढाँचा</u>

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| आवेदक स्थानीय तहको नामः | |
| कार्यक्रम सञ्चालन गर्ने अन्य निकायको नाम : | |
| ठेगानाः | |
| स्थानीय तहको अध्यक्षको नामः | |
| सरोकारवाला निकायको नाम र फोन नं. | |
| सरोकारवाला संस्था दर्ता भएको भए दर्ता नं. र मितिः | |
| साझेदार संस्था दर्ता भएको कार्यालयको नामः | |
| प्रस्तावित आयोजनाको कूल खर्च रकम रु. | |
| मन्त्रालयबाट माग गरिएको अनुदान रकम रु. | |
| स्थानीय तहले लगानी गर्ने भए रकम रु. | |
| साझेदारी संस्थाले व्यहोर्ने रकम रु. | |

२. साझेदार संस्थाको किसिम : (क) सामाजिक (ख) निजी (ग) समूह (आमा समूह, युवा क्लव, आदि) (घ) अन्य भए उल्लेख गर्ने (......................)

३.प्रस्तावित कार्यक्रमको नाम :- (क) प्रविधि प्रदर्शन (ख) सौन्दर्यकरण (ग) व्यवसायीकरण

४. योजना सञ्चालनको लागि जग्गाको विवरण: ....................विघाह /रोपनी तथा .........कठ्ठा क्षेत्रफल

५. आयोजना सञ्चालनको उद्देश्य ..........................................

६. कार्यक्रम सञ्चालनको मुख्य मुख्य क्रियाकलापहरु :-

| सि.नं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | कूल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | गुरुयोजना नक्शा डिजाइन लागत अनुमान संलग्न राख्ने। (बढीमा ५०प्रतिशत) |
| १.१ | | | | | | | |
| १.२ | सिंचाई व्यवस्थापन/पाईप/ड्रीप विच्छ्याउने/ पानी टंकी आदि | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.३ | फोहोरा/ डेकोरेसन लाईट आदि | | | | | | |
| २ | औजार उपकरण | | | | | | लागत अनुमान वा कोटेसन संलग्न राख्ने। (बढीमा २०प्रतिशत) |
| २.१ | | | | | | | |
| २.२ | फ्रनिङ्ग/ करौती | | | | | | |
| | | | | | | | |
| ३ | सञ्चालन खर्च (उत्पादन सामग्री) | | | | | | कूल लागतको कम्तीमा ३० प्रतिशतसम्म। |
| ३.१ | फलफुल विरुवा | | | | | | |
| ३.२ | फुल विरुवा सिजनल | | | | | | |
| ३.३ | फूल विरुवा बहुवर्षे | | | | | | |

७. लगानी साझेदारीको लागि स्रोत व्यवस्थापन गर्ने आधारः

(क) स्थानीय तहले व्यहोर्ने रकम ..........

(ख) सरोकारवाला निकाय ..........ले व्यहोर्ने रकम .......

(ग) अनुदान माग भएको रकम.......... जम्मा लगानी रकम .......... ..........

८. पुष्पबाटिका लगाउने फूल/फलको विस्तृत उत्पादन विवरणः

| क्र.स. | फूल वा फलको बेर्नाको नाम | संख्या | क्षेत्रफल(कट्ठा/ रोपनी) | कैंफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

९. सडक सुविधा छ वा छैन............ छ भने सडकको किसिम........................

१०.आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..........................

११. पानीको व्यवस्था छ वा छैन ..........

१२. प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने स्थानको नक्शा तथा लेआउट

१३. प्रस्तावित योजनाको गुरुयोजना (ईन्जिनियरिङ्ग नक्शा) तयार भएको छ छैन। छ भने संलग्न राख्ने।

१४. कार्यक्रम सञ्चालन हुने स्थानको अवस्था :

- सडक पेटी सौन्दर्य ☐
- सार्वजनिक पार्क ☐
- सार्वजनिक स्थानको सौन्दर्य गर्ने ☐

१५. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण

१५.१. आवश्यकता र औचित्य

१५.२ आयोजना सञ्चालन हुने स्थान

१५.३.आयोजनाबाट उत्पादन हुने वस्तुको सूची

१५.४ आयोजनाका लागि चाहिने वस्तुको उत्पादित क्षेत्र/स्थान/उत्पादक

१५.५ आयोजनाले समेट्ने क्षेत्र र लाभान्वित जनसंख्या र रोजगारी सम्बन्धी विवरण

१५.६. संरचनाको अवस्था र नक्सा सहित

१६. बाटिका निर्माण पश्चातको योजना (साराशं) :

(क) बाटिकाको विकास र रणनीति

(ख) लाभान्वित समुह/क्षेत्र

(ग) बाटिकाका मुख्य विशेषताहरु

(घ) निर्माण पश्चातका अवसरहरु

(ङ) बाटिका विकास/ब्यवस्थापनका चुनौतीहरु

## अनुसूची-४

(दफा ४ को उपदफा (१०) सँग सम्बन्धित)

**स्थलगत प्रमाणीकरण फारामको ढाँचा**

१. परिचयात्मक विवरणः

| | |
|---|---|
| आवेदक स्थानीय तहको नामः | |
| कार्यक्रम सञ्चालन गर्ने साझेदार संस्था, पुष्प व्यवसायीको नाम : | |
| ठेगानाः | |
| स्थानीय तहको अध्यक्षको नामः | |
| साझेदार संस्थाको नाम र फोन नं. | |
| साझेदार संस्था दर्ता भएको भए दर्ता नं. र मितिः | |
| साझेदार संस्था दर्ता भएको कार्यालयको नामः | |
| प्रस्तावित आयोजनाको कूल खर्च रकम रु. | |
| मन्त्रालयबाट माग गरिएको अनुदान रकम रु. | |
| स्थानीय तहले लगानी गर्ने भए रकम रु. | |
| साझेदारी संस्थाले व्यहोर्ने रकम रु. | |

२. साझेदार संस्थाको किसिम : (क) सामाजिक (ख) निजी (ग) समूह (आमा समूह, युवा क्लव, आदी) (घ) पुष्प व्यवसायी (च) अन्य भए उल्लेख गर्ने (......................)

३. प्रस्तावित कार्यक्रमको नाम :- (क) प्रविधि प्रदर्शन (ख) सौन्दर्यकरण (ग) व्यवसायीकरण

४. योजना सञ्चालनको लागि जग्गाको विवरण:.....विघाह /रोपनी तथा .....कठ्ठा क्षेत्रफल

५. आयोजना सञ्चालनको उद्देश्य ..........................................

६. कार्यक्रम सञ्चालनको मुख्य मुख्य क्रियाकलापहरु :-

| सि.नं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | कूल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | गुरुयोजना नक्शा डिजाइन लागत अनुमान संलग्न राख्ने। |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| | | | | | | | |
| २ | औजार उपकरण | | | | | | लागत अनुमान वा कोटेसन संलग्न राख्ने। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ३ | सञ्चालन खर्च (उत्पादन सामग्री) | | | | | | कूल लागतको कम्तीमा ३० प्रतिशतसम्म। |
| ३.१ | | | | | | | |
| | | | | | | | |

७. लगानी साझेदारीको लागि स्रोत व्यवस्थापन गर्ने आधारः-.....................................

८. पुष्पबाटिका लगाउने फूल/फलको विस्तृत उत्पादन विवरणः

| क्र.स. | फूल वा फलको बेर्नाको नाम | संख्या | क्षेत्रफल(कट्ठा/रोपनी) | कैंफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| | | | | |

९. सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम.......................

१०.आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..............................

११. पानीको व्यवस्था छ वा छैन

१२. प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने स्थानको नक्शा तथा लेआउट

१३. आयोजना सञ्चालनका जोखिमहरु के छन्? यदी भए समाधानका उपायहरु के के हुन सक्छन्?

-
-
-

१६. प्रस्तावित योजनाको गुरुयोजना (ईन्जिनियरिङ्ग नक्शा) तयार भएको छ छैन। छ भने संलग्न राख्ने।

१७. कार्यक्रम सञ्चालन हुने स्थानको अवस्था :

- सडक पेटी सौन्दर्य ☐
- सार्वजनिक पार्क ☐
- सार्वजनिक स्थानको सौन्दर्य गर्ने ☐

१८. आयोजनाले पार्ने सकरात्मक प्रभावः ..........................................................

१९. प्रस्ताव पेश गर्दा भरिएको विवरणहरुको सम्बन्धमा

(क) दुरुस्त पाईएको

(ख) सामान्य फरक देखिएको

(ग) फारममा पेश गरेको विवरणहरु धेरै फरक परेको (तथ्यमा आधारित नभएको): यस्तो अवस्थामा स्थलगत मूल्याङ्कन टोलीले के के विषयहरुमा कमि कमजोरी पाईएको हो सो कुरा खुलाउनु पर्नेछ र यस्तो प्रस्ताव मूल्याङ्कनमा समावेश हुने छैन।

२०. सिफारिस

उक्त कार्यक्रम प्रस्तावको स्तरको बारेमा निश्कर्ष:

| सि.नं. | गुणस्तर | कारण* |
|---|---|---|
| १ | अति उत्तम | |
| २ | उत्तम | |
| ३ | मध्यम | |
| ४ | सामान्य | |
| ५ | अनुदान प्रयोजनको लागि अयोग्य | |

*कार्यक्रमसँग सम्बन्धित कुनै कागजात, स्थानीय समुदायसँग भएको वार्तालापको विवरण, कार्यक्रमसँग सम्बन्धित फोटो, भिडियो क्लिप आदि समेत समावेश गर्न सकिनेछ।

स्थलगत प्रमाणीकरण गर्नेको विवरण

| | |
|---|---|
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

## अनुसूची-५

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

### प्रतिवद्धता-पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ को मिति .............................. मा प्रकाशित सूचना अनुसार फलफुल तथा पुष्पबाटिका निर्माण कार्यक्रममा सहभागिताको लागि ईच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेका छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा व्यावसायिक कार्ययोजनामा उल्लेख भए बमोजिम कार्य गर्ने छु/छौं र ३ वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौं। कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि भन्दा अगावै सो कार्यहरु बन्द गरेमा यस कार्यालयबाट प्राप्त अनुदान रकम प्रचलित ब्याजसहित फिर्ता गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/गर्दछौं। सञ्चालित क्रियाकलापबाट वातावरण नकरात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछु/गर्दछौं। यसमा लेखिए बमोजिम नगरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला।

सरोकारवाला निकायको तर्फबाट :

नामः

पदः

संस्थाको नाम :

ठेगानाः

सम्पर्क नं. :

दस्तखतः

मितिः

छापः

| दाया | बाया |
|---|---|
| | |

इति सम्वत् २०.............गते ...................रोज ...............शुभम्।

## अनुसूची-६

(दफा ४ को खण्ड (११) सँग सम्बन्धित)

### मूल्याङ्कनका आधार

कार्यक्रम छनौटका लागि उपक्षेत्रको विषयः

| क्र.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | स्थान छनौट(मानिसको आवतजावत र उपयोग) (सार्वजनिक बगैंचा/उद्यान भए १०अंक, सडक पेटी भए ८ अंक र अन्य सार्वजनिक स्थान भए ६ अंक र अन्य अवस्थामा ५ अंक) | १० | | |
| २ | प्रस्तावकको अनुभव (यस अघी पनि समान प्रकृतिको काम गरीरहेको भए १०, अनुभव नभएको भए ८) | १० | | |
| ३ | स्रोत/सामग्री व्यवस्थापन (स्थानीय स्तरमा उपलब्ध हुने सामग्री प्रयोग गरेमा १० अंक, प्रदेश स्तरमा उपलब्ध हुने सामग्री प्रयोग गरेमा ८ अंक र बाह्य देशबाट आयातित सामान प्रयोग गरेमा ६ अंक) | १० | | |
| ४ | लगानी साझेदारी (अनुदान माग ५० प्रतिशत गर्ने भए २० अंक, अनुदान माग ५१-६५ प्रतिशत गर्ने भए १६ अंक र अनुदान ६५ देखि माथी माग गरेमा १२ अंक) | २० | | |
| ५ | लागत सहभागिता ( स्थानीत तहले सबै गर्ने भए २० अंक, स्थानीय टोल सुधार समिति, आमा समूह, युवा क्लल आदिले भए १६, अन्य भए १२ अंक) | २० | | |
| ५ | सिचाईको उपलब्धता (पुष्पबाटिका वरपर पानीको मुहान भएमा १०अंक, बोरिङ्ग बनाउन सकिने भए ८ अंक र अन्तबाट ल्याएर सिचाई गर्ने भए ६अंक) | १० | | |
| ६ | बाटिका ब्यवस्थापन (आफ्नै नर्सरी भएको २० अंक आँफै नर्सरी स्थापना गर्ने प्रस्ताव भएको १६ अकं र अन्य नर्सरीबाट बिरुवा ल्याएर ब्यवस्थापन गर्ने १२ अंक) | २० | | |
| | जम्मा | १०० | | |

## अनुसूची-७

(दफा ४ उपदफा (१२) सँग सम्बन्धित)

<u>स्थानीय तहको साझेदारीमा फलफुल तथा पुष्पबाटिका निर्माण कार्यक्रमको सम्झौता पत्र</u>

प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आर्थिक बर्ष ………… को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्थानीय तह साझेदारीमा फलफुल तथा पुष्पबाटिका निर्माण कार्यक्रम सञ्चालन गर्ने प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,(यस पछि प्रथम पक्ष भनिने) र श्री ……………………………………… उप महानगर पालिका/ नगरपालिका/ गाउँपालिका/ ……………………………… संस्था (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षीय सम्झौता गरीदियौं/लियौं।

<u>तपसिलः</u>

१. प्रथम पक्षले प्रदेश ५ मा रहेका स्थानीय तह (नगरपालिका/गाँउपालिकामा) साझेदारीमा फलफुल तथा पुष्पबाटिका निर्माण कार्यक्रम सञ्चालन गर्ने कार्यक्रमको लागि जम्मा लागत रु………………………… मध्ये दोश्रो पक्षलाई रु……………… (अक्षरुपी……. …. …………………………) बराबरको अनुदान रकम प्रदान गर्नेछ। बाँकी रकम दोश्रो पक्ष आफैले लगानी गर्ने छ।
२. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारको कार्यक्रम स्वयम् वा ……………… साझेदार संस्था (सरोकारवाला निकाय) मार्फत ………………………………………………कार्यक्रम सञ्चालन गर्नेछ।
३. दोश्रो पक्षले प्रथम पक्षको परामर्श र सहमति अनुसारका खरिद तथा निर्माण कार्य गरी नियमानुसारको बिल, भर्पाई, दाखिला प्रतिवेदन, र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गर्नु पर्ने छ।
४. प्रथम पक्ष आफैले वा तोकेको कार्यालयको स्थलगत प्राविधिक प्रतिवेदनबाट सिफारिस भएमा कार्यक्रम सम्पन्न पछि प्रगतिका आधारमा अनुदान रकम दोश्रोपक्षको सिफारिसमा सरोकारवाला निकायको बैङ्क खातामा एकमुष्ठ भुक्तानी दिनेछ।
५. प्रथम पक्षबाट उपलब्ध गराईएको रकमबाट स्थापना गरिएको संरचना तथा सामाग्रीहरुको मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्ष र दोस्रो पक्षको रोहबरमा काम गर्ने निकायको हुनेछ। निर्माणको कार्य प्रचलित कानून अनुसार स्वीकृत विस्तृत डिजाईन तथा इष्टिमेट *( layout plan)* बमोजिम गर्नु पर्नेछ।

६. दोश्रोपक्षले लागत सहकार्यमा सञ्चालित कार्यक्रमहरुको प्रगति विवरण प्रथमपक्ष वा प्रथम पक्षले तोकिएको निकायमा उपलब्ध गराउनु पर्नेछ।

७. कार्यक्रम सञ्चालित स्थानमा सबैले देख्नेगरी अनिवार्य रुपमा प्रदेश सरकार र सम्बन्धित स्थानीय तहको साझेदारी रहेको कार्यक्रमको नाम, ठेगाना, लाभान्वितहरुको विवरण, सहकार्यको रकम र सहयोगी निकायको नाम उल्लेखित होर्डिङ्ग बोर्ड अनिवार्य राख्नु पर्ने छ।

८. प्रथम पक्षले कुनैपनि बखत सञ्चालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

९. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरामा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ।

१०. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

११. द्विपक्षीय सम्झौता मुताविकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि कार्य सम्पन्न गर्ने निकायलाई सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए प्रथम पक्षको सम्झौता भंग गर्न सक्नेछ र हिनामिना भए बराबरको रकम कार्य सम्पन्न गर्ने निकायवाट सरकारी बाकी सरह असुल उपरको लागि प्रकृया अगाडी बढाउन सक्नेछ।

१२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको कामहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्ने गरी समयमै विल पेश नगरी म्याद गुजारेमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन।

**कार्य योजना :**

| विवरण | इकाइ | परिमाण | दर | जम्मा | स्वलगानी | अनुदान |
|---|---|---|---|---|---|---|
| पुष्पबाटिका निर्माण हुने जग्गा | | | | | X | X |
| नर्सरी स्थापना | | | | | X | X |
| बाटिकामा लगाउने फल/फुलको नाम, प्रजाति | | | | | | |
| उत्पादन सामग्री | | | | | | |
| तारबारमा लाग्ने समान | | | | | | |
| खेती गर्ने टहरा | | | | | | |
| पावर टिलर | | | | | | |
| पम्पसेट/बोरिङ्ग/मोटर मेसिन/फोहोरा/ लागत व्यवसाय | | | | | | |
| प्लाष्टिक घर वा टनेल | | | | | | |
| अन्य औजार खुलाउने | | | | | | |
| भण्डारण घर | | | | | | |

नोटः उल्लेखित भन्दा अन्य क्रियाकलाप वा सामग्री खरिद गर्नुपरेमा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |

रोहवर

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कायालयः |
| कार्यालयको छाप | कार्यालयको छाप |

इति सम्वत् शुभम्।..............................गते रोज...........महिना.........साल............

नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थपघट गर्न सकिनेछ।